
# दैनिक कार्यको जानकारी

## प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा निजी क्षेत्रको प्रभावकारी एवम् अर्थपूर्ण संलग्नताका लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, उद्योग संगठन मोरङ, क्यान महासंघ कोशी प्रदेश र परियोजना सहयोग इकाई बीच त्रिपक्षीय समझदारी कार्यक्रम सम्पन्न




आज मिति २०८२/०४/२६ गते सोमबारका दिन सामाजिक विकास मन्त्रालयको आयोजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा निजी क्षेत्रको प्रभावकारी एवम् अर्थपूर्ण संलग्नताका लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, उद्योग संगठन मोरङ, क्यान महासंघ कोशी प्रदेश र दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना सहयोग इकाई बीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गर्दै कार्यक्रम सम्पन्न भएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा निजी क्षेत्रको सहभागिता गराई उक्त क्षेत्रसँग सम्बन्धित नीतिगत कार्यमा समन्वय र सहकार्य गरी संगठनमा आबद्ध एवम् कोशी प्रदेशभित्रका उद्योग/व्यवसायहरूको सहयोगमा श्रम बजारको माग र सीप पहिचान गरी दक्ष जनशक्ति उत्पादन गर्दै माग र आपूर्ती बीच सन्तुलन राखी श्रम बजारमा सम्मानजनक रोजगारीको वातावरण सिर्जना गर्न सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, उद्योग संगठन मोरङ विराटनगर, क्यान महासंघ कोशी प्रदेश र यस मन्त्रालयमा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना सहयोग इकाई बीच त्रिपक्षीय समझदारी गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा प्रभावकारी नतिजा हासिल गर्न उक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको हो । समझदारीपत्रमा परियोजना सहयोग इकाइको तर्फबाट डेपुटि टिमलिडर संजिव राई, उद्योग संगठन मोरङको तर्फबाट उपाध्यक्ष सुरेन्द्र कुमार गोल्छा, क्यान महासंघ कोशी प्रदेशको तर्फबाट अध्यक्ष शन्देश राई र सामाजिक विकास मन्त्रालयको तर्फबाट शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख लक्ष्मी न्यौपानेले हस्ताक्षर गर्नुभएको हो । उक्त कार्यक्रम निमित्त सचिव श्री दामोदर फुयलको अध्यक्षता र सामाजिक विकास

मन्त्री मा. पाँचकर्ण राईको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको हो ।कार्यक्रमको सञ्चालन शाखाप्रमुख डुन्डिराज पौडेलले र त्रीपक्षीय समझदारीको उदेश्य माथि प्रकाश महाशाखा प्रमुख लक्ष्मी न्यौपानेले गर्नुभएको थियो ।

समझदारी पत्रको सन्दर्भमा उद्योग संगठन र क्यानका उपाध्यक्ष र अध्यक्षले यो समझदारीले सीपयुक्त जनशक्ति उत्पादन र स्वदेशमै युवाहरुलाई रोजगारीका अवसर सिर्जना गर्न महत्वपूर्व भुमिका निर्वाह गर्ने कुरा उल्लेख गर्नुभयो भने माननीय मन्त्रीज्यूले नीजी क्षेत्रको सार्थक संलग्नताले सरकारको उद्देय पूरा हुने र प्रदेशलाई समृद्ध बनाउन यो समझदारी महत्वपूर्ण कदम हुने विश्वास व्यक्त गर्नुभयो। निमित्त सचिव दामोदर फुयलले श्रम बजारको प्रक्षेपण, पाठ्यक्रम निर्माण र सीपयुक्त जनशक्ति उत्पादनमा तीनै पक्षको महत्वपूर्ण भूमिका रहने कुरा उल्लेख गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

